अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

अर्नमा, सिरहा

प्रदेश नं. २ नेपाल

Email– edu.arnama2073@gmail.com

प.सं. २०७७/०७८

च.नं. ६६२

मिति २०७७/०९/१९

विषयः **विद्यालय सञ्चालन अनुमति सम्बन्धमा** ।

श्री सम्पुर्ण विधालयहरु,

अर्नमा गाउँपालिका, सिरहा ।

प्रस्तुत सम्बन्धमा यस गाउँपालिका अन्तर्गत शैक्षिक सत्र २०७८ देखि विद्यालय सञ्चालन अनुमति/ कक्षा थप लिन इच्छुक विधालयहरुले आवेदन फारामका साथ तपसिल बमोजिमको आवश्यक कागजात संलग्न गरि नयाँ विधालयको हकमा २०७७ पौष मसान्त र कक्षा थपका लागि २०७७ माघ मसान्तसम्ममा गाउँपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु

- ✓ शिक्षा नियमावली, २०५९ (संशोधन सहित) अनुसुची १ बमोजिमको ढाँचामा आवेदन
- ✓ वि.व्य.स.को निर्णय प्रतिलिपि
- ✓ सम्बन्धित वडाको सिफारिस
- ✓ नजिकको समान तहको २ वटा विद्यालयको सहमति पत्र
- ✓ तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपी
- ✓ जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी
- ✓ शैक्षिक नक्सा
- ✓ शिक्षकको नियुक्ती तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- ✓ कम्तीमा ३ बर्षसम्म निजी स्रोतमा सञ्चालन गर्ने सम्बन्धी वि.व्य.स.को निर्णय तथा प्रतिवद्धता पत्र (सामुदायिक विद्यालयको हकमा मात्र)

२. संस्थागत विद्यालयको हकमा थप आवश्यक कागजातहरुः

- ✓ शैक्षिक गुठी स्वीकृत भएको विधानको प्रतिलिपी( कक्षा १ तथा गुठीमा सञ्चालित विद्यालयको हकमा )
- ✓ कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्ध पत्र र नियमावलीको प्रतिलिपी
- ✓ कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी
- ✓ घरभाडामा भए जग्गा धनीको लालपुर्जा र कम्तीमा ५ बर्षको सम्झौता पत्रको प्रतिलिपी
- ✓ लेखापरीक्षण प्रतिवेदन
- ✓ पाठ्यपुस्तक तथा शुल्क विवरण
- ✓ विद्यालयको प्रस्तावना पत्र
- ✓ पञ्चवर्षीय कार्य योजना

नथुनी साह
शिक्षा अधिकृत

**बोधार्थः**

श्री सुचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरि दिनु हुन ।